राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७४ मङ्सिर २१ गते

## प्रदेशसभा तथा प्रतिनिधिसभाको दोश्रो चरणको निर्वाचन प्रक्रियाको अनुगमन सम्पन्न

मुलुकका ४५ जिल्लामा आज सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको दोश्रो चरणको दिन राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनको सन्दर्भमा निर्वाचनअघि, निर्वाचनको समय र निर्वाचनपश्चात् गरी तीन चरणमा मानव अधिकारको सुनिश्चितताका लागि आयोगद्वारा ७ वटा उच्चस्तरीय टोली सहित ४५ वटै जिल्लामा अनुगमन टोलीहरू खटिएका थिए ।

अनुगमनबाट प्राप्त तथ्यअनुसार डडेल्धुरा, नवलपरासी, ललितपुर, काठमाण्डौं, भक्तपुर, गुल्मी, सुनसरी, सल्यान, स्याङ्जा, धनकुटा लगायतका जिल्लाहरूमा बम विष्फोटका घटनाहरू भएको, पुर्वी नवलपरासीको देवचुली गाउँपालिकामा केही व्यक्ति घाइते भएको पाइएको छ । सप्तरीको महादेवा गाउँपालिकाको एक मतदान केन्द्रमा एउटै पनि मतदान हुन नसकेको पाइएको छ । कञ्चनपुर, सर्लाही, मकवानपुर, भक्तपुर लगायतका जिल्लाहरूमा विष्फोटक पदार्थ भेटिएको, सर्लाही, भक्तपुर, काठमाण्डौं, स्याङ्जा, लगायतका जिल्लाहरूमा राजनीतिक दलका कार्यकर्तावीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ । सर्लाही, अछाम र स्याङ्जामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको पाइएको छ । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-५ स्थित मथुरा मा.वि. नेटाको 'ख' केन्द्रमा मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र भेटिएपछि भएको विवादका कारण मतदान स्थगित भएको पाइएको छ ।

त्यसैगरी, पश्चिम नवलपरासीको सरावल गाउँपालिकास्थित एक मतदान केन्द्रमा प्रदेशसभाको मतपत्र प्रतिनिधिसभाको पतपेटिकामा खसेका कारण केहीबेर मतदान रोकिएको, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानको लागि प्राथमिकता दिइएको पाइएता पनि कतिपय मतदान केन्द्र अपाङ्गमैत्री नभएको, मतदान प्रक्रियामा स्वास्थ्यकर्मीहरूको प्रयोग नरोकिएको, निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई पर्याप्त अभिमूखीकरण हुन नसकेको, आशंका र राजनीतिक आस्थाका आधारमा केही व्यक्तिलाई पक्राउ गरेको बुझिएको, केही मतदान केन्द्रहरूमा मतदाता सूची र मतदाता परिचय पत्रको क्रमसंख्या नमिल्दा नाम पत्ता लगाउन समस्या भएको, अधिकांश जिल्लाहरूमा मतदाता शिक्षा कमजोर रहेको तथ्यहरु अनुगमनबाट प्राप्त भएका छन् ।

समग्रमा मतदान प्रक्रिया उत्साहपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ । महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु लगायतको उल्लेख्य सहभागिता रहेको पाइएको छ । केही जिल्लाहरूमा मतदाताहरु बम विष्फोटका घटनाहरू, झरी, चिसो मौसम लगायतका प्रतिकुलताका बावजुद् मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न सरिक रहेको पाइएको छ ।

आगामी निर्वाचनमा मतदाता शिक्षा र मतदान केन्द्रको सुव्यवस्थापन जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्न आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org